गाउँ कार्यपालिका बाट स्वीकृत मितिः२०७९/०९/१९

# मायादेवी गाउँपालिकाको
# गैरसरकारी संस्थाहरुसँग सहकार्य सम्बन्धी निर्देशिका-२०७९

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी,कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

# गैरसरकारी संस्थाहरुसँग सहकार्य सम्बन्धी निर्देशिका, २०७९

**पृष्ठभूमिः** मायादेवि गाउँपालिकाले गैरसरकारी संस्थाहरुसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २५ र सोही ऐनको दफा १०२ (२) बमोजिम मिति २०७९ साल पौष १९ गतेको कार्यपालिकाको निर्णयबाट 'मायादेवी गाउँपालिकाको गैरसरकारी संस्थासँग सहकार्य सम्बन्धी निर्देशिका २०७९' जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ**

(क) यस निर्देशिकाको नाम "मायादेवी गाउँपालिकाको गैरसरकारी संस्थासँग सहकार्य सम्बन्धी निर्देशिका २०७९ " रहनेछ ।

(ख) यो निर्देशिका कार्यपालिकाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा र व्याख्या**

**विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

(क) 'प्रमुख' भन्नाले गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(ख) 'उप प्रमुख' भन्नाले गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) 'गाउँपालिका' भन्नाले मायादेवी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) 'गैसस' भन्नाले नेपालको प्रचलित कानुन अनुसार दर्ता भएको गैरसरकारी संस्था, सामुदायिक संस्था र उपभोक्ता समितिहरु समेत सम्झनु पर्दछ ।

(ङ) 'गैसस समन्वय समिति' भन्नाले यस निर्देशिका बमोजिम गठन हुने गैसस समन्वय समितिलाई सम्झनु पर्दछ ।

(च) 'विषयगत समिति' भन्नाले यस पालिकाको कार्य विभाजन नियमावली बमोजिम गठन भएका विषयगत समितिहरु सम्झनु पर्दछ ।

(छ) 'गैसस महासंघ' भन्नाले गैससहरुको छाता सङ्गठन गैरसरकारी संस्था महासंघ नेपाललाई सम्झनु पर्दछ ।

३. **निर्देशिकाको उद्देश्य**

यस निर्देशिकाको उद्देश्य देहाय वमोजिम हुनेछ ।

(क) यस गाउँपालिका र गैसस, गैसस र गैससहरुसँगको आपसी सहकार्य र समन्वयलाई व्यवस्थित एवम् प्रभावकारी बनाउने ।

(ख) यस गाउँपालिकामा कार्यगर्ने गैससहरुलाई सहज र सरल वातावरण सृजना गर्ने ।

(ग) यस गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय लगायत समग्र विकासमा गैरसरकारी संस्थाहरुसँग भएको ज्ञान, सीप, क्षमता र स्रोत साधनको प्रभावकारी सदुपयोग गर्ने ।

## परिच्छेद २

## समन्वय र सहकार्य

४. **समन्वय र सहकार्य गरिने**

(क) यस गाउँपालिकाको क्षेत्र भित्रकार्य गर्ने गैर सरसरकारी संस्थाहरुसँग गाउँपालिकाले सहकार्य गर्नेछ ।

(ख) गाउँपालिका क्षेत्रमा कार्यरत गैससहरु र पालिका बीच कार्य प्रकृतिका आधारमा पालिकाले समन्वय गर्नेछ ।

(ग) यस गाउँपालिकाले आफ्नो प्राथमिकताका क्षेत्रमा कार्य गर्न गैससहरुलाई साझेदारीको लागि सहज र सरल कार्यविधि अवलम्बन गर्नेछ ।

(घ) यस गाउँपालिकासँग सहकार्य गर्न इच्छुक वा कार्य गरिरहेका गैससहरुले तोकिएको ढाँचामा आफ्नो संस्थागत विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ र गाउँपालिकाले सो को बिवरण वार्षिक रुपमा अद्यावधिक गर्नेछ ।

(ङ) दफा (ग) अनुसार अद्यावधिक भएका गैससहरु यस गाउँपालिकामा सुचिकरण भएको मानिनेछ ।

(च) यस गाउँपालिकाको क्षेत्रभित्र कार्यालय स्थापना गरेका गैससले कार्यालय स्थापना गरेको जानकारी यस पालिकामा गराउनु पर्नेछ ।

छ) संस्थागत क्रियाकलाप तथा बजेट, कार्यक्रम संचालन विधि, लक्षितवर्ग छनौटका आधार सम्पूर्ण विवरण पेश गर्नु पर्नेछ ।

(ज) गाउँपालिकाको तर्फबाट पालिकाको क्षेत्रमा कार्यरत गैससहरुलाई दर्ता नविकरण शुल्क, कर लगायतका आर्थिक भार थपिने कार्य गरिने छैन ।

## परिच्छेद ३
## समन्वय संयन्त्र

### ५. गैससमन्वय समितिको गठन

यस गाउँपालिकामा तपसिल अनुसारको एक **"गैसस समन्वय समिति"** गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) सामाजिक विकास समितिका संयोजक | पदेन सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत वा गाउँपालिकाले तोकेको एकजना अधिकृत | पदेन सदस्य |
| घ) गैसस महासंघ नेपालको गाउँपालिका स्तरीय समन्वय समितिको संयोजक वा महासंघले तोकेको एकजना प्रतिनिधि | पदेन सदस्य |
| ङ) गाउँपालिकामा क्रियाशिल गैससहरु मध्येबाट गैसस महासंघ नेपालको जिल्ला शाखा वा गाउँपालिका समन्वय समिति सँगको समन्वयमा गाउँपालिकाका | मनोनित सदस्य |

अध्यक्ष

| | |
|---|---|
| अध्यक्षले तोकेका कम्तिमा १ जना महिला हुने गरी सामाजिक समावेशिताका आधारमा २ जना | |
| च) सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

६. **समन्वय समितिको काम, कर्तव्य र अधिकार**

(क) गाउँपालिकासँग सहकार्य गर्ने तथा गाउँपालिका क्षेत्र भित्र कार्यरत गैसस तथा सामाजिक संस्थाहरु बिच समन्वय गर्ने ।

ख) गाउँपालिका क्षेत्रभित्र आयोजना सञ्चालन गर्ने गैससहरुसँग समन्वय गर्ने ।

ग) गैससहरुसँग समन्वय तथा सहकार्यका लागि गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने ।

(घ) गैससहरु मार्फत सञ्चालित आयोजनाहरुको प्रगति समीक्षा गर्ने ।

(ङ) गैससहरु मार्फत गाउँपालिका क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन गर्ने तथा आवश्यक पृष्ठपोषण दिने ।

(च) गैससबाट सञ्चालन गर्ने कार्यक्रम तथा योजना कार्यपालिका तथा गाउँसभामा पेश गर्ने ।

(छ) गाउँपालिकाले कार्यक्रम कार्यान्वयन वा साझेदारीका लागि गैसस छनौट गर्दा निष्पक्षताका आधारमा योग्य र सक्षम संस्था छनौट गर्न गाउँपालिकालाई सहयोग गर्ने ।

(ज) गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा गैससहरुको प्रभावकारी सहभागिताका लागि समन्वय गर्ने ।

(झ) गैससहरुले सञ्चालन गरेका आयोजना वा कृयाकलाप सम्बन्धी अभिलेखलाई दुरुस्त र अद्यावधिक गरि राख्ने ।

(ञ) गैससहरुसँग समन्वयका लागि गाउँपालिका भित्रका विषयगत निकायहरु र वडा कार्यालयहरुमा जानकारी गराउने ।

अध्यक्ष

CamScanner

(ट) गाउँपालिका स्तरमा क्रियाशिल गैससहरुको क्षमता अभिवृद्धि गर्ने ।

(ठ) गैससहरुलाई आवश्यक सूचनाहरु उपलब्ध गराउने ।

(ड) गैससहरु, पालिका र सरोकारवालाहरु बीच समन्वय तथा साझेदारी बैठकहरुको आयोजना गर्ने ।

(ढ) संस्थाहरु बीच कार्यक्रम कार्यान्वयनको क्रममा दोहोरो पन देखिएमा उक्त दोहोरो पन हटाउन सहजीकरण गर्ने ।

(ण) संस्थाहरुसँग सहकार्य गर्न तथा संस्थाहरुको क्षमता प्रवर्द्धन गर्न बजेट तर्जुमा गर्ने ।

(त) गाउँपालिकाले तोकेका गैसस समन्वय सम्वन्धी अन्य कार्य गर्ने ।

## ७. समन्वय समितिका सदस्यको पदावधी र पदपूर्ति

(क) गैसस समन्वय समितिका पदेन बाहेकका सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

(ख) पदेन सदस्य बाहेक, एकै व्यक्ति लगातार दोस्रो पटक मनोनित हुने छैनन् ।

(ग) गैसस महासंघको जिम्मेवारी हेरफेर भएपछि उक्त पदमा नयाँ कार्य समिति वा सो को सिफारिसबाट सदस्य तोकिनेछ ।

(घ) समन्वय समितिको कुनै पनि पद कुनै पनि कारण (राजीनामा, मृत्यु, बसाइ सराई, फौज्दारी अभियोग आदिका कारण) रिक्त हुन सक्नेछ । यसरी पद रिक्त भएमा जुन क्षेत्रबाट प्रतिनिधित्व भएको पद रिक्त भएको हो सोही क्षेत्रबाट नै पूर्ति गर्ने ।

## ८. बैठक सम्बन्धी व्यवस्था र निर्णय कार्यान्वयन

(क) समितिको नियमित बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ । नियमित बाहेक आवश्यकता अनुसार बैठक बस्न बाधा हुने छैन ।

(ख) संयोजकको परामर्शमा सदस्य सचिवले बैठक बोलाउने छन् ।

(ग) बैठक सम्वन्धी कार्यविधि, सेवा सुविधा र अन्य व्यवस्था गाउँपालिकाका अन्य समिति सो संरह हुनेछ ।

अध्यक्ष

(घ) समितिको निर्णयहरु र यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धी दैनिक जिम्मेवारी सदस्य सचिवको हुनेछ ।

## परिच्छेद ४

## आयोजना व्यवस्थापन प्रकिया र गैसस

९. कार्यक्रम समन्वय प्रकृया

(क) गैससहरुसँगको कार्यक्रम समन्वयका लागि पालिकाले कार्यक्रमको प्रकृति अनुसारका तीन वटा नीतिहरु अवलम्बन गर्नेछ ।

१) जानकारी दिनु पर्ने

गैससहरुले तालिम, गोष्ठि, अध्ययन, अनुसन्धान, खेलकुद, विभिन्न किसिमका अभियानहरु गर्दा वा गरिसके पछि गाउँपालिकालाई जानकारी दिनु पर्नेछ ।

२) समन्वय गर्नु पर्ने

गैससहरुले क्षमता अभिवृद्धि, आयआर्जन, समुदाय परिचालन जस्ता क्रियाकलापहरु गाउँपालिकासँग समन्वयमा गर्नु पर्नेछ ।

३) अनुमति लिनु पर्ने

गैससहरुले भौतिक निर्माण, प्राकृतिक साधन र स्रोतसँग सम्वन्धीत कार्यहरु, सेवा सञ्चालन (विद्यालय, स्वास्थ्य सेवा) जस्ता कार्यक्रमहरु गर्दा गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

(ख) गैससहरुसँगको सहकार्यमा कुनै पनि कृयाकलापहरु सञ्चालन गर्दा गाउँपालिकाले दोहोरोपना नहुने गरी भौगोलिक क्षेत्र वा विषयगत क्षेत्र बाँडफाँड गरी स्रोतको सदुपयोग हुने कुराको सुनिश्चितता गरिनेछ ।

अध्यक्ष

(ग) गाउँपालिकामा कार्यरत गैससहरुको क्षमता प्रवर्द्धनका लागि गाउँपालिकाले बजेट विनियोजन गर्न सक्नेछ

१०. **योजना तर्जुमा प्रकृयामा गैससहरुको भूमिका**

(क) गाउँपालिकाले योजना तर्जुमा प्रकृयामा पालिकाको क्षेत्रमा कार्यरत गैसस तथा सामाजिक संस्थाहरुलाई सहभागी गराउनेछ ।

(ख) जनचेतना अभिवृद्धि, उद्यमशीलता विकास, रोजगारी सिर्जना, सामाजिक परिवर्तनका लागि लक्षित समुदायको सशक्तिकरण गर्ने कार्यमा गैससको भूमिकालाई प्राथमिकता दिईनेछ ।

(ग) गाउँपालिकाको योजना निर्माण प्रक्रियामा गैससको सहभागिता र भूमिकालाई प्राथमिकता दिईनेछ

(घ) गैससहरुले योजना तर्जूमा प्रक्रियामा लैंगिक तथा सामाजिक दृष्टिकोणले पछाडि पारिएको समुदायको सहभागिता अभिवृद्धि गर्न सहजीकरण गर्नुपर्नेछ । गाउँपालिकामा लामो समय देखि कार्यरत वा लामो अवधिका परियोजना सञ्चालन गरिरहेका संस्थाहरुले गाउँपालिकालाई कार्यक्रमहरु बारे जानकारी दिई योजना तर्जुमा प्रक्रियामा समन्वय गर्नुपर्नेछ ।

११. **योजना कार्यान्वयन र साझेदारी**

(क) गाउँपालिकासँगको साझेदारीमा विभिन्न विषयवा क्षेत्रगत कार्यक्रमहरु सञ्चालनका लागि गाउँपालिकाले गैससहरुलाई आव्हान गर्न सक्नेछ ।

ख) समान प्रकृतिका काममा गैसस-गैसस बीचतथा गैसस र गाउँपालिका वा अन्य विषयगत कार्यालय बिच दोहोरोपना नहुने सुनिश्चित गरिनेछ ।

१२. योजना अनुगमन तथा सुपरिवेक्षण र सहभागिता

(क) समन्वय समितिले संस्थाहरु मार्फत सञ्चालित माथि दफा १० उल्लेखित पहिलो र दोस्रो वर्गमा मात्र) योजनाहरुको अनुगमन गर्न वडा समिति वा वडा कार्यालयहरु समेतको संलग्नता सुनिश्चित गर्नेछ ।

(ख) गाउँपालिकाद्वारा सञ्चाल नहुने विकास आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षण कार्यमा गैससको विज्ञता आवश्यक पर्ने अवस्थामा विषयगत विज्ञता भएका गैससलाई समन्वय समितिको सिफारिसमा सहभागी गराइनेछ ।

(ग) गैससहरुबाट सञ्चालित आयोजना माथि दफा १० उल्लेखित पहिलो र दोस्रो वर्गमा मात्रको अनुगमन तथा सुपरिवेक्षणमा आवश्यकता अनुसार आयोजना कार्यान्वय नहुने वडाको वडा सदस्यहरुलाई सहभागी गराइनेछ ।

(घ) गैससहरुले गाउँपालिका क्षेत्रमा सम्पन्न गरेका गतिविधिहरुको प्रगति विवरण गाउँपालिकाद्वारा आयोजना हुने समिक्षा वैठकहरु मार्फत गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

१३. **सार्वजनिक जवाफदेहिता सम्वन्धी व्यवस्था**

(क) गैससले सञ्चालन गरेका आयोजनाहरु एवम् प्राप्त उपलब्धिका बारेमा आयोजना कार्यान्वयन स्थलका नागरिक, जनप्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी, लगायत सञ्चारकर्मी समेतको उपस्थितिमा गाउँपालिका स्तरिय सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण गराउनुपर्नेछ । निर्माणसँग सम्बन्धित योजनाहरुका सम्बन्धमा गाउँपालिकाले तोकेको ढाँचामा सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

(ख) गाउँपालिकाले आयोजना गरेका सार्वजनिक सुनुवाईमा गैससहरुको सहभागिता सुनिश्चित गरिनेछ । सार्वजनिक सुनुवाईमा गाउँपालिकाले गैससका प्रतिनिधिहरुलाई जवाफदेही वक्ताका रुपमा उपस्थित गराउन सक्नेछ ।

अध्यक्ष

CamScanner

परिच्छेद ५

विविध

१४. गैससको प्रतिनिधित्वको व्यवस्था

यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरु, प्रदेश तथा संघीय सरकारद्वारा गठन गरिने गैरसरकारी संस्थाको सहभागिता हुनुपर्ने समिति तथा उपसमितिहरुमा गैसस महासंघको जिल्ला समिति वा गाउँपालिका स्तरीय समन्वय समितिको सिफारिसमा सम्बन्धित विषयगत विज्ञता भएका गैससका प्रतिनिधिलाई प्रतिनिधित्व गराइनेछ ।

गाउँपालिकामा कृयाशिल संस्थाहरु मध्ये कुनै संस्था गैरसरकारी संस्था महासंघको सदस्य नभएको अवस्थामा सोहि कारणले उपरोक्त समितिहरुमा प्रतिनिधित्व गर्ने अवसरबाट बञ्चित गरिने छैन ।

१५. सिफारिस सम्बन्धमा

यस गाउँपालिकाले गैरसरकारी संस्थादर्ता, नवीकरण, विधान संशोधन जस्ता कार्य तथा अन्य गाउँपालिकामा मुख्य कार्यालय रही यस गाउँपालिकामा शाखा कार्यालय वा सम्पर्क कार्यालय खोल्न र अन्य स्थानीयतह र निकाय एवम् स्वदेशी तथा विदेशी साझेदार निकायमा पेश गर्ने प्रयोजनका लागि आवश्यक पर्ने सिफारिस गाउँपालिकाबाट उपलब्ध गराउनेछ । सिफारिस माग गर्दा पेश गर्नुपर्ने कागजातहरु सम्बन्धित संस्थाले तोकेको ढाँचा भए सोही बमोजिम र नभएको अवस्थामा अनुसूची १, २, र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

१६. पुरस्कार तथा सम्मान

गाउँपालिकाले सामाजिक सेवाको कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गरी पिछडिएको वर्ग, क्षेत्र र समुदायको हित, कल्याण र सशक्तिकरणका लागि योगदान पुऱ्याउने गैरसरकारी संस्थातथा सामाजिक अभियन्ताहरुलाई पुरस्कृत गर्न सक्नेछ ।

१७. संशोधन

(क) यो निर्देशिका संशोधन गर्नु पर्ने भएमा समितिले संशोधनको प्रस्तावं तयार गरी कार्यपालिकामा पेश गर्न सक्नेछ ।

अध्यक्ष

CamScanner

(ख) समितिबाट प्राप्त हुन आएको संशोधन प्रस्ताव कार्यपालिकाको निर्णय अनुसार लागु हुनेछ ।

१८. बाधा अड्काउ फुकाउने अधिकार

यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ आईपरेमा त्यस्तो बाधा अड्काउ फुकाउन समन्वय समितिले गाउँपालिका समक्ष सिफारिस गर्नेछ । उक्त सिफारिस बमोजिम गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ । उक्त आदेश पश्चात लगत्तै बस्ने कार्यपालिकाको बैठकबाट अनुमोदन हुन नसकेमा उक्त आदेश स्वतः निष्कृय हुनेछ ।

१९. बचाउ र लागु नहुने

(क) यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार हुने र यसमा उल्लेख नभएको कुरामा प्रचलित कानुन अनुसार हुनेछ ।

(ख) नेपालको संविधान तथा प्रचलित कानुनसँग यस निर्देशिकामा उल्लेखित प्रावधानहरु बाझिन गएमा बाझिएको हद सम्म यस निर्देशिकाका सम्बन्धित दफा र उपदफाहरु स्वतः निष्कृय हुने छन् ।

अध्यक्ष

CamScanner

# अनुसुची १

## संस्था दर्ता सिफारिसका लागि आवश्यक कागजातहरु

*(दफा १५ सँग सम्बन्धित)*

१.निवेदन ।

२. प्रारम्भिक भेलाले पारित गरेको विधान ।

३. प्रारम्भिक भेलाले तदर्थ समितिको गठन तथा संस्था दर्ता गर्न गरेको निर्णयको प्रतिलीपि ।

४. संस्था दर्ताका लागि गठित तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुको तपसिल अनुसारको विवरण

क) नाम: ख) ठेगाना: ग) उमेर : घ) पेशा:

ङ) नागरिकता नं. च) नागरिकता जारी गर्ने निकाय र जिल्ला

(तदर्थ वा कार्य समितिका प्रत्येक सदस्यहरुको विवरण उल्लेख गर्नु पर्नेछ ।)

अध्यक्ष

## अनुसुची २

### नवीकरण सिफारिसका लागि आवश्यक कागजातहरु

(दफा १५ सँग सम्बन्धित)

१. नबिकरण गरि पाउनका लागि संस्थाले गाउँपालिकालाई लेखेको पत्र ।

२. संस्थाको गत आ.व.को लेखापरीक्षण प्रतिवेदन ।

३. संस्थाको कर चुक्ता प्रमाणपत्र ।

४. संस्थाको गत आ.व.को प्रगति प्रतिवेदन ।

५. संस्थाले गत बर्षको गरको सार्वजनिक लेखा परिक्षणको प्रतिवेदन ।

अध्यक्ष

## अनुसुची ३

### विदेशी विकास साझेदारमा सिफारिस पत्रका लागि अनुरोध गर्दा आवश्यक पर्ने कागजातहरु

(दफा १५ सँग सम्वन्धित)

१.सिफारिस माग सम्बन्धी संस्थाको आधिकारिक पत्र ।

२. सिफारिस गरिने विषयसँग सम्वन्धित कागजातहरुको प्रतिलीपि ।

अध्यक्ष

*** धन्यवाद ***

CamScanner